# पाँचपोखरी थाङपाल गाउँपालिकाको
# खानी तथा खनिज पदार्थको संरक्षण संम्बन्धी कार्यान्वयन गर्न वनेको
# ऐन, २०७४

**पाँचपोखरी थाङ्गपाल** गाउँपालिकाको क्षेत्र भित्रकोप्राकृतिक श्रोत साधनको संरक्षण, सम्वर्द्धन र वातावरण अनुकुल दीगो रुपमा उपयोग गर्न गाउपालिकालाई अधिकतम लाभ प्राप्त हुने प्रबन्ध गरी लगानीमैत्री वातावरण श्रृजना गर्नुपर्ने अवस्था रहेकोले, खानी तथा खनिज स्रोतहरुको विकासका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, **पाँचपोखरी थाङ्गपालको दोस्रो** गाउँसभाले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम **पाँचपोखरी थाङ्गपाल** गाउँपालिकागाउँसभाले मिति २०७४/१२/०७ मा यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम **"खानी तथा खनिज पदार्थको संरक्षण ऐन २०७४ वा खानी ऐन २०७४"** रहेको छ ।

(२) यो ऐन २०७४ साल चैत्र ०८ गतेदेखि .**पाँचपोखरी थाङ्गपाल गाउँपालिका क्षेत्रमा लागु हुनेछ ।**

**२. परिभाषा :** विषय वा प्रसगले अर्थ नलागेमा यस ऐनमा

(क) "ऐन"भन्नाले खानी तथा खनिज पदार्थको संरक्षण ऐन २०७४ वा खानी ऐन २०७४ सम्झनु पर्छ ।

(ख) "खानीजन्य वस्तु" भन्नाले ढुंगा, बालुवा, गिट्टी, नुन, माटो,खरीढुङ्गा तथा स्लेट सम्झनु पर्छ ।

(ग) "खोज तलास कार्य"भन्नाले खानीजन्य वस्तु पत्ता लगाउन वा खानीजन्य वस्तुको प्रकार, गुणस्तर, परिणाम आदि निर्धारण गर्न गरिने सबै प्रकारको जाँचपड्ताल एवं संम्भाव्यता अध्ययन कार्य सम्झनु पर्छ ।

(घ) "उत्खनन्" भन्नाले खानीजन्य वस्तु उत्खनन्, उत्पादन, शुद्धिकरण, प्रशोधन, ढुवानी, संचय वा बिक्री वितरण गर्ने कार्य सम्झनु पर्छ ।

(ङ) "खनिज कार्य" भन्नाले खोज तलास कार्य र उत्खनन् कार्य सम्झनुपर्छ ।

(च) "अनुमति प्राप्त व्यक्ति" भन्नाले दफा ४ बमोजिम खनिज कार्य गर्ने अनुमति प्राप्त व्यक्ति सम्झनुपर्छ ।

(छ) "खनिज क्षेत्र" भन्नाले खनिज कार्य गर्ने अनुमति पत्रमा उल्लेखित क्षेत्र सम्झनुपर्छ ।

(ज)"कार्यालय" भन्नाले **पाँचपोखरी थाङ्गपाल** गाउँकार्यपालिकाकोकार्यालय सम्झनु पर्दछ । सो शब्दले **पाँचपोखरी थाङ्गपाल** गाउँ मातहत रहेको बिषयगत शाखा वा विभाग वा महाशाखा वा कार्यालय वा एकाइहरुलाई समेत जनाउनेछ ।

(झ) "बिषयगत शाखा" भन्नाले **पाँचपोखरी थाङ्गपाल** गाउँपालिका अन्तर्गत रहेको बिषयगत विभाग, महाशाखा, शाखा, कार्यालय वा एकाइलाई सम्झनुपर्छ ।

(ञ) "गाउँपालिका" भन्नाले **पाँचपोखरी थाङ्गपाल** गाउँपालिका सम्झनु पर्छ ।

(ट) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले संघिय तथा प्रदेश कानुन र यस ऐन बमोजिम बनेको नियमवलीमा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

**३. खनिज कार्य गर्ने अधिकार :** (१) खनिज कार्य गर्ने अधिकार संघिय तथा प्रदेश कानुनले तोकेको बमोजिम हुनेछ ।

(२) यस ऐनको अधीनमा रही **गाउँपालिका**ले खनिज कार्य आफैले गर्ने वा अरु कुनै व्यक्तिलाई अनुमति प्रदान गरी गराउन सक्नेछ ।

(३) **गाउँपालिका**लाई खनिज कार्यमा पूंजी लगानी गरी वा अन्य कुनै प्रकारले हिस्सेदार बन्ने अधिकार हुनेछ ।

**४. खनिज कार्यगर्ने अनुमति :** (१) यो ऐन र यस ऐनअन्तर्गत बनेको नियमहरुको अधीनमा रही खनिज कार्य गर्न चाहने व्यक्तिले गुणस्तर तथा परिमाण यकीन भई नसकेको खनिज पदार्थको हकमा सर्वप्रथम खोज तलास कार्य गर्ने अनुमतिको लागि र गुणस्तर तथा परिमाण यकीन भई सकेको खनिज पदार्थको हकमा उत्खनन् कार्यको प्रस्तावित योजनासमेत संलग्न गरी उत्खनन् कार्य गर्ने अनुमतिको लागि तोकिएको ढाँचामा गाउँपालिकामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि गाउँपालिकाले आवश्यक जाँचबुझ गरी निवेदन दिने व्यक्ति आर्थिक एवं प्राविधिक क्षमता भएको र खनिज कार्य गर्न आवश्यक योग्यता भएको देखिएमा निजलाई तोकिएको ढाँचामा तोकिएको दस्तुर लिई खनिज कार्य गर्ने अनुमति दिन सक्नेछ ।

(४) यस दफाबमोजिम  सर्वेक्षणकार्य गर्ने अनुमति प्राप्त व्यक्तिले उत्खनन् कार्य गर्ने अनुमति लिन चाहेमा  सर्वेक्षणअवधि समाप्त हुनु अगावै खोज तलास कार्यको विस्तृत प्रतिवेदन तथा उत्खनन् कार्यको योजना समेत संलग्न गरी तोकिएको ढाँचामा गाउँपालिकामा निवेदन दिनुपर्नेछ ।

(५) उपदफा (४) बमोजिमको निवेदन प्राप्त भएपछि **गाउँपालिकाले** आवश्यक जाँचबुझ गर्दा उत्खनन् कार्यको योजना उपयुक्त देखेमा सम्बन्धीत वडाको सिफारिस सहित तोकिएको आवश्यक कागजात प्राप्त भएमा दस्तुर लिई उत्खनन् कार्य गर्ने अनुमति दिनेछ ।

**५.उत्खनन् कार्य गर्ने अधिकार :** (१) कुनै क्षेत्रमा कुनै खनिज पदार्थको खोज तलास कार्य गर्ने अनुमति प्राप्त व्यक्तिलाई सो क्षेत्रमा सोही खनिज पदार्थको उत्खनन् कार्य गर्न अनुमति पाउने अधिकार हुनेछ ।

(२) खोज तलास कार्य गर्ने अनुमति प्राप्त व्यक्तिले खोज तलास कार्य गर्दा अनुमतिपत्रमा उल्लिखित खनिज पदार्थबाहेक अन्य खनिज पदार्थ पत्ता लागेमा त्यसको जानकारी तीस दिनभित्र गाउँपालिकालाई दिनु पर्नेछ र निजलाई त्यस्तो खनिज पदार्थको खनिज कार्य गर्न प्राथमिकता दिइनेछ ।

**६.अनुमतिपत्रको नवीकरण :** अनुमति प्राप्त व्यक्तिले प्रत्येक वर्ष खनिज कार्य गर्ने अनुमतिपत्र तोकिएको दस्तुर तिरी तोकिएको समयमा नवीकरण गराउनु पर्नेछ ।

**६. खनिज क्षेत्रको आकार तथा क्षेत्रफल :**(१) **बिषयगत शाखाले** खनिज पदार्थको उत्खनन् कार्यको लागि आयताकारमा घटिमा ०.२५ वर्ग किलोमिटर (करिव एक वर्ग माइलको दशांश) र बढीमा २५ वर्ग किलोमिटर (करिव दश वर्ग माइल) सम्मको क्षेत्रफल निर्धारण गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निर्धारण गरिएको क्षेत्रफलको कुल लम्वाईको नाप कुल चौडाईको नापको चारगुणा भन्दा बढी हुनेछैन ।

७. **खोज तलासअवधि :**खोज तलास अवधि खोज तलास कार्यको प्रकृतिअनुसार तोकिए बमोजिम हुनेछ ।

८. **उत्खनन् अवधि :**उत्खनन् अवधि अनुसूची- १बमोजिम उत्खनन् कार्यको अनुमतिपत्र प्राप्त व्यक्तिले अति साना स्तर, साना स्तर, मझौला स्तर र ठूला स्तरका खनिज पदार्थको क्रमशः दश वर्ष, पन्ध्र वर्ष, बीस वर्ष र तीस वर्षको अवधिभित्र उत्खनन् कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

९. **उत्खनन् कार्यको अवधि र अवधि थप सम्बन्धी व्यवस्था :** उत्खनन् अवधि खनिज पदार्थको प्रकृति, परिमाण र उत्खनन् कार्यको लागि चाहिने प्रविधि, पूँजी र लगानीको प्रक्षेपित प्रतिफलको आधारमा उत्खनन् कार्यको अनुमतिपत्र प्राप्त व्यक्तिले अति साना स्तर, साना स्तर, मझौला स्तर र ठूला स्तरका खनिज पदार्थको क्रमशः दश वर्ष, पन्ध्र वर्ष, बीस वर्ष र तीस वर्षको अवधिभित्र उत्खनन् कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

१०. **खनिज कार्यको संचालन :**(१) अनुमति प्राप्त व्यक्तिले खनिज कार्यको संचालन खनिज कार्य गर्ने अनुमति प्राप्त गरेको मितिले तोकिएको अवधिभित्र गर्नुपर्नेछ ।

(२) अनुमति प्राप्त व्यक्तिले खनिज कार्य गर्दा अपनाउनु पर्ने कार्यविधि र प्रक्रिया तथा पालन गर्नुपर्ने शर्तहरु तोकिएबमोजिम हुनेछ ।

११. **खनिज कार्य गर्दा वातावरणमा प्रतिकूल असर पार्न नहुने :** (१) खनिज कार्य गर्ने व्यक्तिले खनिज कार्य गर्दा वातावरणमा उल्लेखनीय (सिग्निफिकेन्ट) प्रतिकूल असर नपर्ने गरी गर्नु पर्नेछ । साथैत्यस्तो खनिज कार्य गर्ने व्यक्तिले वातावरण संरक्षणका सम्बन्धमा तोकिए बमोजिमका बचाउका उपायहरु अपनाउनु पर्नेछ ।

(२) खनिज कार्य गर्ने व्यक्तिले वातावरणमा उल्लेखनीय (सिग्निफिकेन्ट) प्रतिकूल असर पार्ने कार्य गरेको देखिएमा त्यस्तो कार्यमा सुधार ल्याउन गाउँपालिकाले सम्बन्धित व्यक्तिलाई आवश्यक निर्देशन दिनेछ ।

(३) उपदफा (२) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "वातावरणमा उल्लेखनीय (सिग्निफिकेन्ट) प्रतिकूल असर" भन्नाले कुनै खनिज कार्य गर्दा वातावरणमा पर्न सक्ने तोकिए बमोजिमको असर सम्झनु पर्छ ।

१२. **विशेष व्यवस्था :**(१) **गाउँपालिकाले** राष्ट्रिय सुरक्षा, सार्वजनिक हित वा ऐतिहासिक महत्वको दृष्टिकोणबाट कुनै क्षेत्रलाई खनिज कार्यको लागि निषेधित क्षेत्र घोषित गर्न वा कुनै क्षेत्रको सम्बन्धमा विशेष शर्तहरु तोकी खनिज कार्य गर्ने अनुमति दिन सक्नेछ ।

(२) **गाउँपालिकाले** खनिज कार्य गर्ने अनुमति दिइसकेको क्षेत्रमा अनुमति प्राप्त व्यक्तिको खनिज कार्यमा कुनै बाधा अड्चन नपर्ने गरी खनिज कार्यको लागि अनुमति दिइसकेको खनिज पदार्थ बाहेक अन्य खनिज पदार्थको खनिज कार्य आफैले गर्न वा अरु कुनै व्यक्तिलाई अनुमति प्रदान गरी गराउन सक्नेछ ।

(३)सर्वसाधारणले निजी प्रयोगको निमित्त उपयोग गरी आएको प्रचलनमा प्रतिकूल असर नपर्ने गरी गाउँपालिकाले निर्माण कार्यको प्रयोगमा आउने साधारण माटो, ढुंगा र बालुवा जस्ता खनिज पदार्थका सम्बन्धमा तोकिएबमोजिम छुट्टै व्यवस्था गर्न सक्नेछ ।

**१३. आदेश दिन सक्ने :गाउँपालिकाले** खनिज कार्यबाट खानी वा खनिज पदार्थको भण्डारलाई हुनसक्ने क्षति, कसैको जिउ वा सम्पत्तिमा पर्न सक्ने चोटपटक वा नेक्सानी रोकथाम गर्न, कुनै प्रतिष्ठान इन्सटलेशन) मा हानी नोक्सानी हुन नदिन र भू-क्षय हुन नदिन आवश्यक आदेश दिन सक्नेछ ।

**१४. सुविधा तथा सहुलियत :** अनुमति प्राप्त व्यक्तिले खनिज कार्य गर्दा पाउने सुविधा तथा सहुलियत तोकिए बमोजिम हुनेछ ।

**१५. रोयल्टी तथा अन्य दस्तुर :** अनुमति प्राप्त व्यक्तिले गाउँपालिकालाई खनिज पदार्थको प्रकार, गुणस्तर र परिमाणको आधारमा तोकिएको दरमा रोयल्टी तथा अन्य दस्तुर बुझाउन पर्नेछ ।

**१६. स्थानीय विकास शुल्क** : अनुमति प्राप्त व्यक्तिले रोयल्टीको आधारमा तोकिएको दरमा तोकिएको निकायमा स्थानीय विकास शुल्क बुझाउनु पर्नेछ ।

**१७. सूचना तथा प्रतिवेदन :** अनुमति प्राप्त व्यक्तिले तोकिएबमोजिमको सूचना तथा प्रतिवेदन तोकिएबमोजिम **गाउँपालिकामा** दिनु पर्नेछ र विषयगत शाखाले गाउँपालिकामा पेश गर्ने व्यवस्था मिदाउनु पर्नेछ ।

**१८. जग्गा प्राप्त गर्ने वा जग्गामा प्रवेश गर्ने :** (१) दफा १२ को उपदफा (१) बमोजिम निषेध गरिएको क्षेत्रमा बाहेक अन्य क्षेत्रमा रहेको कुनै जग्गा खनिज कार्यको लागि अस्थायी वा स्थायी तवरले आवश्यक पर्ने भएमा देहायको कुराको अधीनमा रही उपयोग गर्न वा प्राप्त गर्न सकिनेछ :-

**(क)** त्यस्तो जग्गा नेपाल सरकारको भए अनुमति प्राप्त व्यक्तिले गाउँपालिकालाई तोकिएबमोजिमको भू-बहाल बुझाई उपयोग गर्न सक्नेछ ।

(ख) त्यस्तो जग्गा निजी स्वामित्वको भए गाउँपालिकाले अनुमति प्राप्त व्यक्तिलाई निजकै खर्चमा प्रचलित कानूनबमोजिम प्राप्त गराई दिन वा भू-वहालमा दिलाई दिन सक्नेछ ।

(२) खनिज कार्यको लागि कुनै जग्गामा केही समयको लागि कुनै यन्त्र, उपकरण, औजार जडान गर्न वा नाप नक्शा वा खनिज कार्यसम्बन्धी अन्य कुनै काम गर्न आवश्यक भएमा उपदफा (३) को अधीनमा रही त्यस्तो जग्गामा प्रवेश गरी त्यस्तो काम गर्न सक्नेछ ।

(३) गाउँपालिका वा अनुमति प्राप्त व्यक्तिले खनिजकार्य गर्दा कुनै जग्गावालाले आफ्नो जग्गा उपभोग गर्न नपाएमा वा त्यस्तो जग्गामा रहेको बाली, रुख, घर, वस्तु वा अन्य सम्पत्ति नोक्शानी भएमा गाउँपालिकाको परामर्श लिई प्रचलित दरभाउलाई समेत ध्यानमा राखी सम्बन्धित जग्गावालालाई क्षतिपूर्ति दिइनेछ ।

**१९. निरीक्षण तथा जाँचबुझ :** (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमबमोजिम खनिज कार्य भए नभएको निरीक्षण तथा जाँचबुझ गर्न **गाउँपालिकाले** तोकेको कुनै विशेषज्ञ वा अधिकारी वा निकायलाई तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अधिकृत गरिएको विशेषज्ञ, अधिकारी वा निकायलाई निरीक्षण तथा जाँचबुझको सिलसिलामा खनिज कार्य भइरहेको वा हुने जुनसुकै ठाउँमा प्रवेश गर्न दिनु र निजले मागेको कागजात तथा विवरण उपलब्ध गराउनु अनुमति प्राप्त व्यक्तिको कर्तव्य हुनेछ ।

**२०. कारवाही चलाउने तथा दण्ड सजाय गर्ने अधिकारी :** (१) यस ऐनको उल्लघनहुने गरी भएका कार्यमा हुने दण्ड सजाय र जरिवाना प्रचलित संघिय र प्रदेश कानुन बमोजिम हुनेछ ।

**२१. दण्ड सजाय :**(१) कसैले यस ऐनबमोजिम खनिज कार्य गर्ने अनुमति नलिई खनिज कार्य गरेमा गाउँपालिकाले त्यस्तो खनिज कार्य बन्द गरी खनिज कार्यमा प्रयोग गरिएको यन्त्र, उपकरण, औजार र मालसामान तथा अनधिकृत तवरले उत्खनन् गरेको खनिज पदार्थसमेत जफत गर्नुको साथै त्यस्तो व्यक्तिलाई तोकिए बमोजिम सजाय हुनेछ।

(२) अनुमति प्राप्त व्यक्तिले दफा **११** बमोजिम दिइएको निर्देशन वा आदेश पालन नगरेमा त्यस्तो निर्देशन वा आदेश पालन नगरेसम्म **गाउँपालिकाले** खनिज कार्य स्थगित गर्न वा खनिज कार्य गर्ने अनुमति नै रद्द गर्न सक्नेछ र त्यस्तो निर्देशन वा आदेश पालन नगरेको कारणबाट खानी वा खनिज पदार्थको भण्डारमा क्षति पुग्न गएमा, भूक्षय भएमा वा कसैको जिउ वा धन सम्पत्तिमा चोटपटक वा नोक्सानी पर्न गएमा तोकिए बमोजिमजरिवाना गर्न सक्नेछ र नोक्सानीको आधारमा मुनासिब क्षतिपूर्ति समेत अनुमति प्राप्त व्यक्तिबाट भराउनु पर्नेछ।

(३) अनुमति प्राप्त व्यक्तिले दफा १८ बमोजिम गाउँपालिकामादिनुपर्ने सूचना वा प्रतिवेदन नदिएमा त्यसरी सूचना वा प्रतिवेदन नदिएसम्म गाउँपालिकामा खनिज कार्य स्थगित गर्न सक्नेछ।

(४) गैर कानुनी रुपमा गरेको खनिज तथा खनिजजन्य पदार्थको कार्यका निमित्त भएको दण्ड सजाय वा जरिवाना उपर तोकिएको निकायमा पुनरावेदन दिन सक्नेछ।

**२२. मध्यस्थता :**गाउँपालिका र अनुमति प्राप्त व्यक्तिबीच खनिज कार्यसँग सम्बन्धित कुनै कुराको सम्बन्धमा उठेको कुनै विवाद दुवै पक्षले आपसी सरसल्लाहबाट सुल्झाउन नसकेमा दुवै पक्षबीचमा भएको सम्झौतामा तोकिएकोमा सोहीबमोजिम र सम्झौतामा नतोकिएकोमा तोकिएबमोजिम मध्यस्थताद्वारा समाधान गरिनेछ।

**२३. विशेष अधिकार :** (१) गाउँ कार्यपालिकाले राष्ट्रिय सुरक्षा वा सार्वजनिक हितको लागि आवश्यक देखेमा तुरुन्त खनिज कार्य रोक्का गरी खनिज कार्य गर्ने अनुमति रद्द गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले खनिज कार्य गर्ने अनुमति रद्द गर्दा अनुमति प्राप्त व्यक्तिलाई पर्न गएको प्रत्यक्ष हानी नोक्सानीको निमित्त मुनासिव माफिकको क्षतिपूर्ति दिनेछ।

**२४. नियम, निर्देशिका वा कार्यविधि बनाउने अधिकार:**(१) यस कानूनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियमहरु, निर्देशिका, कार्यविधि वा मार्गदर्शन बनाउन सक्नेछ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी खासगरी देहायका विषयहरुमा नियमहरु बनाउन सक्नेछ :-

(क) खनिज कार्य गर्न अनुमति लिन चाहने व्यक्तिको योग्यता,

(ख) खनिज सम्झौता तथा अनुमतिपत्रमा रहने कुराहरु,

(ग) खनिज क्षेत्रको सर्भेक्षण, नाप, नक्शा तथा क्षेत्र परित्याग,

(घ) खनिज कार्य गर्दा अपनाउनु पर्ने कार्यविधि तथा पालन गर्नुपर्ने शर्तहरु,

(ङ) खनिज कार्य गर्दा धन-जनको सुरक्षा गर्ने र भू-क्षय तथा वातावरणमा उल्लेखनीय (सिग्निफिकेन्ट) प्रतिकूल असर हुन नदिन गर्नुपर्ने सुरक्षात्मक व्यवस्था,

(च) अनुमति प्राप्त व्यक्तिले बुझाउनु पर्ने रोयल्टी, दस्तुर तथा स्थानीय विकास शुल्क,

(छ) अनुमति प्राप्त व्यक्तिले राख्नुपर्ने खनिज कार्यको हिसाब किताब,

(ज) अनुमति प्राप्त व्यक्तिले दिनुपर्ने सूचना, प्रतिवेदन तथा अन्य विवरणहरु,

(झ) निरीक्षण तथा जाँचबुझसम्बन्धी कार्यविधि, र

(ञ) मध्यस्थतासम्बन्धी प्रक्रिया ।

**२५. बचाऊः** यस ऐनको उद्देश्य तथा बिषयक्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम यस अघि भएका कार्यहरु यसै ऐन वमोजिम भएको मानिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**२६. अमान्य हुने :** यस ऐनमा लेखिएका कुनै कुरा संघिय तथा प्रदेश कानुन सँग बाझिएको हदसम्म स्वत अमान्य हुने छ ।

अनुसूची- १

(नियम ४ को उपनियम (२) सग सम्बन्धित)

खानीजन्य वस्तु सम्बन्धी खनिज कार्यको स्तर

(क) खानीजन्य वस्तु सम्बन्धी खनिज कार्यको स्तर : खानीजन्य वस्तु सम्बन्धी खनिज कार्यको देहायस्तर बमोजिम हुनेछ :-

| खनिज पदार्थ | अति साना स्तर | साना स्तर | मझौला स्तर | ठूलो स्तर |
|---|---|---|---|---|
| ढुंगा | २५ घ.मि. सम्म | १५० घ.मि. सम्म | ५०० घ.मि. सम्म | ५०० घ.मि. भन्दा बढी |
| बालुवा | ५० घ.मि. सम्म | २०० घ.मि. सम्म | ८०० घ.मि. सम्म | ८०० घ.मि. भन्दा बढी |
| गिट्टी | ५० घ.मि. सम्म | २०० घ.मि. सम्म | ८०० घ.मि. सम्म | ८०० घ.मि. भन्दा बढी |
| स्लेट | ५० घ.मि. सम्म | ६०० घ.मि. सम्म | २४०० घ.मि. सम्म | २४०० घ.मि. भन्दा बढी |
| माटो | २५ घ.मि. सम्म | १०० घ.मि. सम्म | ४०० घ.मि. सम्म | ४०० घ.मि. भन्दा बढी |
| माथि उल्लिखित बाहेक अन्य (क) भूमिगत उत्खनन | १० घ.मि. सम्म | १०० घ.मि. सम्म | ५०० घ.मि. सम्म | ५०० घ.मि. भन्दा बढी |
| (ख) सतही उत्खनन् | २० घ.मि. सम्म | २०० घ.मि. सम्म | १००० घ.मि. सम्म | १००० घ.मि. भन्दा बढी |